गैरआवासीय नेपाली संघ, निर्वाचन समितिको कार्यालय, काठमाडौं, नेपाल

# निर्वाचन कार्यक्रमको सूचना

गैरआवासीय नेपाली संघको **मिति २०८०।०६।३० देखि मिति २०८०।०७।०३ गते (October 17-20, 2023)** सम्म काठमाडौंमा आयोजना हुने अन्तर्राष्ट्रिय महाधिवेशनमा गैरआवासीय नेपाली संघको बिधान, २००३ (संशोधन, २०२२) को दफा १७.२ र संघको निर्वाचन सम्वन्धि नियमावली, २०२१ (संशोधन २०२३) को नियम ६ बमोजिम दुई वर्ष कार्यकालको लागि अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिहरुबाट निर्वाचित हुने देहाय बमोजिम ७४ जना पदाधिकारीहरुको **मिति २०८०।७।२ गते (October 19, 2023)** मा हुने निर्वाचन प्रयोजनको लागि यो निर्वाचन कार्यक्रमको सूचना निर्वाचन समितिको मिति २०८०।०६।०२ को निर्णय बमोजिम सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**निर्वाचित हुने पदाधिकारीहरु**

| | | | |
|---|---|---|---|
| (१) | अध्यक्ष | - | १ |
| (२) | उपाध्यक्ष | - | ६ |
| (३) | महिला उपाध्यक्ष | - | १ |
| (४) | युवा उपाध्यक्ष | - | १ |
| (५) | महासचिव | - | १ |
| (६) | उपमहासचिव | - | २ |
| (७) | सचिव | - | ६ |
| (८) | महिला सचिव | - | १ |
| (९) | कोषाध्यक्ष | - | १ |
| (१०) | सहकोषाध्यक्ष | - | ३ |
| (११) | महिला सहकोषाध्यक्ष | - | १ |
| (१२) | महिला संयोजक | - | १ |
| (१३) | युवा संयोजक | - | १ |
| (१४) | क्षेत्रीय संयोजक | - | ६ (प्रत्येक क्षेत्रमा १ जना) |
| (१५) | क्षेत्रीय उपसंयोजक | - | १७ (अफ्रिका क्षेत्र २ अन्य क्षेत्र ३ का दरले) |
| (१६) | क्षेत्रीय महिला संयोजक | - | ६ (प्रत्येक क्षेत्रमा १ जना) |
| (१७) | क्षेत्रीय महिला उपसंयोजक | - | ६ (प्रत्येक क्षेत्रमा १ जना) |
| (१८) | क्षेत्रीय युवा संयोजक | - | ६ (प्रत्येक क्षेत्रमा १ जना) |
| (१९) | क्षेत्रीय युवा उपसंयोजक | - | ६ (प्रत्येक क्षेत्रमा १ जना) |
| (२०) | दोश्रो पुस्ताका गैरआवासीय नेपाली संयोजक | - | १ |

## निर्वाचन कार्यक्रम

| क्र. सं. | कार्यक्रम | मिति | समय (नेपाली) देखि | समय (नेपाली) सम्म | स्थान |
|---|---|---|---|---|---|
| १ | प्रारम्भिक मतदाता नामावली प्रकाशन, | २०८०।०६।०७ गते (24 Sept. 023) | ०२:०० (दिउँसो) | ०५:०० (दिउँसो) | गैर आवासीय नेपाली संघ, निर्वाचन समितिको कार्यालय / विद्युतीय माध्यम । |
| २ | मतदाता नामावली उपर दावि विरोध गर्ने, | २०८०।६।८-९ **(25-26 Sept. 023)** | ०६:०० (विहान) | ०६:०० (विहान) | विद्युतीय माध्यम । |
| ३ | मतदाता नामावली उपर परेको दाबी बिरोध माथि छानबिन गर्ने, | २०८०।६।९-११ (26-28 Sept. 023) | ११:०० (विहान) | ०५:०० (दिउँसो) | गैर आवासीय नेपाली संघ निर्वाचन समितिको कार्यालय । |
| ४ | अन्तिम मतदाता नामावली प्रकाशित गर्ने, | २०८०।६।१२ (29 Sept. 023) | ११:०० (विहान) | ०५:०० (दिउँसो) | गैर आवासीय नेपाली संघ निर्वाचन समितिको कार्यालय/विद्युतीय माध्यम । |
| ५ | **उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने ।** | | | | |
| | **क भौतिक उपस्थिती र विद्युतीय दुवै माध्यमबाट पेश गर्न सकिने ।** | २०८०।६।२५ - २७ **(12-14 Oct. 023)** | **०६:००** (विहान) | ०६:०० (विहान) | **विद्युतीय माध्यम ।** |
| | | | ११:०० (विहान) | ०४:०० (दिउँसो) | **भौतिक उपस्थितीमा गैर आवासीय नेपाली संघ निर्वाचन समितिको कार्यालय ।** |
| | **ख विद्युतीय माध्यमबाट पेश गर्नेको हकमा प्रस्तावक र समर्थक सहित अनिवार्य उपस्थित भै सनाखत गर्ने ।** | २०८०।६।२८ **(15 Oct. 023)** | १०:०० (विहान) | ०५:००० (साँझ) | **गैरआवासीय नेपाली संघ निर्वाचन समितिको कार्यालय ।** |
| | | २०८०।६।२९ **(16 Oct. 2023)** | ०८:०० (विहान) | ०१:०० (दिउँसो) | |
| ६ | उम्मेदबारको पहिलो नामावली प्रकाशन गर्ने । | २०८०।६।२९ (16 Oct. 023) | ०२:०० (दिउँसो) | ०४:०० (दिउँसो) | गैरआवासीय नेपाली संघ निर्वाचन समितिको कार्यालय/विद्युतीय माध्यम । |
| ७ | उम्मेदबारको उम्मेदवारी विरुद्द दावी विरोध गर्ने । | २०८०।६।२९ (16 Oct. 023) | ०४:०० (दिउँसो) | ०८:०० (साँझ) | गैर आवासीय नेपाली संघ निर्वाचन समितिको कार्यालय । |
| ८ | उम्मेदवारको मनोनयनपत्रको जाँचबुझ र उजुरी उपर निर्णय गर्ने । | २०८०।६।३० (17 Oct. 023) | ०९:०० (विहान) | १२:०० (मध्यान्ह) | गैरआवासीय नेपाली संघ निर्वाचन समतिको कार्यालय । |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | उम्मेदबारको दोश्रो नामावली प्रकाशित गर्ने । | २०८०।६।३० (17 Oct. 023) | ०१:०० (दिउँसो) | ०२:०० (दिउँसो) | गैरआवासीय नेपाली संघ निर्वाच समितिको कार्यालय/विद्युतीय माध्यम । |
| १० | उम्मेदवारले आफ्नो मनोनयन पत्र फिर्ता लिने । | २०८०।६।३० (17 OCT. 023) | ०२:०० (दिउँसो) | ०६:०० (साँझ) | गैर आवासीय नेपाली संघ निर्वाचन समितिको कार्यालय । |
| ११ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने । | २०८०।६।३० (17 Oct. 023) | ०७:०० (साँझ) | ०८:०० (राती) | गैरआवासीय नेपाली संघ निर्वाच समितिको कार्यालय/विद्युतीय माध्यम । |
| १२ | विद्युतीय माध्यमबाट निर्वाचन गराउने कम्पनीलाई उम्मेदवारको अन्तिम नामावली उपलब्ध गराउने । | २०८०।६।३० (17 Oct. 023) | ०९:०० (राती) | १२.०० (राती) | विद्युतीय माध्यम । |
| १३ | नमूना (Demo) निर्वाचन गर्ने, | २०८०।०७।०१ (18 Oct. 023) | ०६:०० (विहान) | १०:०० (विहान) | विद्युतीय माध्यम । |
| १४ | मतदान गर्ने, | २०८०।७।२ (Oct.19, 023) | १०:०० (विहान) | ०६:०० (साँझ) | नेपाल भित्र (सोल्टी होटल, ताहचल स्थित) भौतिक उपस्थितीमा विद्युतीय माध्यमबाट मतदान प्रयोजनको लागि । |
| | | | १२:०० (विहान) | ११:५९ (राती) | नेपाल वाहिर विद्युतीय माध्यमबाट मतदान प्रयोजनका लागि । |
| १५ | मतगणना गर्ने, | मतदान समाप्त भए पछि । | | | सोल्टी होटल, ताहचल । |
| १६ | मतगणनाको परिणाम घोषणा गर्ने । | मतगणना समाप्त भए पछि । | | | " |

**दृष्टव्य :**

(१) विद्युतीय माध्यम प्रयोजनको लागि प्रयोग हुने इमेल : **election@nrna.org**

**(२) देहायका मतदाता मतदानको लागि सहभागी हुन पाउनेछन ।**

(क) (अ) राष्ट्रिय समन्वय परिषद्बाट पञ्जीकृत सदस्यता प्राप्त गरेको ।

(आ) गैर आवासीय नेपालीको हैसियत कायम रहेको ।

(इ) राष्ट्रिय समन्वय परिषद्बाट मतदान अधिकार सहित अन्तर्राष्ट्रिय महाधिवेशनमा उपस्थित हुनको लागि प्रतिनिधि चयन भएको ।

मतदान गर्न राष्ट्रिय समन्वय परिषद्बाट अन्तर्राष्ट्रिय महाधिवेशनमा उपस्थित हुनको लागि जारी गरेको दर्ता प्रमाणपत्र/परिचयपत्र **वा** अन्तर्राष्ट्रिय समन्वय परिषद्ले महाधिवेशनमा सहभागी हुन जारी गरेको परिचयपत्र (**वा** मतदान गर्न निर्वाचन समितिले परिचयपत्र उपलब्ध गराउने भए सो) को साथै सम्वन्धित देशमा वसोवास गरेको प्रमाणीत हुने कागजात जस्तैः राहदानी वा सम्वन्धित देशको चालक अनुमतीपत्र वा स्थायी बसोबास पत्र आवश्यक पर्नेछ ।

(ख) गैरआवासीय नेपालीको हैसियत कायम रही, पञ्जीकृत सदस्यता नविकरण गरी नविकरण शुल्क बुझाएका वहालवाला अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी एवं सदस्यहरुलाई स्वतः मतदान अधिकार रहनेछ ।

(ग) राष्ट्रिय समन्वय परिषद् गठन नभएका मुलुकका व्यक्तिले निर्वाचनमा सहभागी भै मतदान गर्न पाइनेछैन ।

(घ) सम्वन्धित राष्ट्रिय समन्वय परिषद्ले महाधिवेशन/निर्वाचनमा भाग लिने प्रयोजनको लागि गैर आवासीय नेपाली संघले उपलब्ध गराएको NRNA IMS (MIS) प्रणाली अनुसार संघको सचिवालयमा उपलब्ध गराएको प्रतिनिधिहरुको नामावलीमा नाम समावेश भएको हुनुपर्नेछ । NRNA IMS (MIS) प्रणाली बाहेक अन्य किसिमले प्राप्त प्रतिनिधिको नामावली निर्वाचन प्रयोजनको लागि मान्य हुनेछैन ।

(ङ) चयन भएका प्रतिनिधिहरु पञ्जीकृत सदस्य रहे नरहेको यकिन गरी सो को अभिलेख संघको सूचना प्रविधि विभागले गर्ने र अभिलेख हुन नसकेको प्रतिनिधि विवरण सूचना प्रविधि विभागले अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयमा पेश गरी छनौट भएका प्रतिनिधिहरुको विवरण अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले संघको वेभसाइटमा प्रकाशन गर्ने हुँदा मतदाता नामावली उपर कुनै दावि विरोध परेमा संघले उपलब्ध गराएको प्रतिनिधिको नामावलीको आधारमा छानविन प्रक्रिया अवलम्वन गरिनेछ ।

(च) प्रतिनिधि छनौट सम्वन्धि विवाद अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय एवं न्यायिक आयोगको क्षेत्राधिकार भित्र पर्ने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

(छ) मतदानमा सहभागी हुने महाधिवेशन प्रतिनिधिले पञ्जीकृत सदस्य एवं महाधिवेशन प्रतिनिधिको हैसियतले बुझाउनुपर्ने शुल्क एवं अन्य बुझाउनुपर्ने शुल्क भए सो समेत बुझाएको हुनुपर्नेछ ।

(३) मतदान प्रयोजनको लागि नेपाल भित्र भौतिक उपस्थितीमा विद्युतीय माध्यम र नेपाल बाहिर विद्युतीय माध्यमको प्रयोग गरिनेछ ।

(४) मतदताले उपलब्ध गराएको इमेल र फोन नं. मा कुनै समस्या भएमा वा परिबर्तन भएमा मतदान हुनु भन्दा कम्तिमा १० (दश) दिन अगावै सचिवालय वा निर्वाचन समितिलाई जानकारी गराउनु पर्नेछ, अन्यथा निर्वाचन समिति जवाफदेही हुने छैन ।

(५) मतदाताले उपलब्ध गराएको इमेलमा मतदान हुन भन्दा कम्तिमा २४ घण्टा अगाबै निर्वाचन समिति वा तोकिएको प्रणालीबाट मतदाता यकिन (Confirmation) प्रयोजनको लागि इमेल पठाइनेछ । उक्त इमेल प्राप्त नभएमा निर्वाचन समितिलाई तुरुन्त जानकारी गराउनु पर्नेछ ।

(६) **उम्मेदवार बन्न चाहिने योग्यता देहाय बमोजिम हुनेछ ।**

(क) अन्तिम मतदाता नामावलीमा उम्मेदवारको नाम समावेश भएको हुनुपर्नेछ ।

(ख) गैरआवासीय नेपाली संघको विधान, निर्वाचन नियमावली, निर्वाचन आचारसंहिता, निर्वाचन समितिले जारी गरेको आचार संहिता एवं निर्वाचन समितिले समय समयमा जारी गर्ने सूचना पूर्ण रुपमा परिपालना गर्न एवं तोकिएको विद्युतीय माध्यमबाट हुने मतदान एवं प्राप्त मत परिणाम स्वीकार गर्न मन्जुर गरी उम्मेदवारले लिखित प्रतिवद्दता पत्र मनोनयन पत्र साथ दाखिल गनुपर्नेछ ।

(ग) संघको विधानको दफा ५ को उपदफा ५.१ मा उल्लेख भए बमोजिम गैर आवसीय नेपालीको हैसियत कायम रहेको सम्वन्धमा सम्वन्धित राष्ट्रिय समन्वय परिषद्बाट सो देशमा २ (दुई) वर्ष भन्दा बढी बसोबास गरेको प्रमाणीत हुने कागजात अनिवार्य पेश गर्नुपर्नेछ ।

(घ) उम्मेदवारले कुनै पनि राजनैतिक, जातीय वा धार्मिक संस्थाको कार्यकारी समितिको पदाधिकारी वा सदस्य पद धारण नगरेको स्वघोषणा निवेदन पत्र मनोनदय पत्र साथ पेश गर्नुपर्नेछ । उल्लेखित पद धारण गरेको भए सो पद त्याग गरेको आधिकारिक प्रमाण (राजिनामा/स्वीकृती पत्र) उम्मेदवार मनोनयन फारमका साथ पेश गर्नुपर्नेछ ।

(ङ) तोकिए बमोजिमको शुल्क एवं मनोनयन दस्तुर बुझाएको निस्सा मनोनयन पत्र साथ पेश गर्नुपर्नेछ ।

(च) कुनै पनि पदमा उम्मेदवार बन्नको लागि राष्ट्रिय समन्वय परिषद्बाट महाधिवेशन प्रतिनिधि छानिएको हुनुपर्नेछ । चालु अन्तर्राष्ट्रिय समन्वय परिषद्का सदस्यहरु वा पदाधिकारीहरु स्वत महाधिवेशन प्रतिनिधि हुने भएकोले राष्ट्रिय समन्वय परिषद्बाट चयन भएको प्रतिनिधिभित्र छानिएको हुनुपर्नेछैन । तर गैर आवासीय नेपालीको हैसियत कायम रहेको हुनुपर्नेछ ।

(छ) भर्खर गठन भएका राष्ट्रिय समन्वय परिषद्को तदर्थ समितिका पदाधिकारी तथा सदस्यहरुले अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी पदमा उम्मेदवारी दिन अयोग्य मानिनेछ ।

(ज) अन्तर्राष्ट्रिय महाधिवेशन अघि सम्पन्न राष्ट्रिय समन्वय परिषद्को निर्वाचनमा कुनै पनि पदमा पराजित वा विजयी उम्मेदवार यो निर्वाचन प्रयोजनको लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्को कार्यकारी पदमा उम्मेदवार बन्न अयोग्य मानिनेछ ।

(झ) संघको अध्यक्ष वा पदाधिकारी सोही पदमा लगातार २(दुई) पदावधि भन्दा बढी निर्वाचित हुन योग्य मानिनेछैन ।

(ञ) निर्वाचन समितिका सदस्यहरु उम्मेदवार हुने योग्य हुनेछैनन ।

(ट) राष्ट्रिय समन्वय परिषद् गठन नभएका मुलुकका व्यक्तिहरु कुनै पनि पदमा उम्मेदवार हुन योग्य मानिनेछैन ।

(ठ) अध्यक्ष पदको उम्मेदवारको लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य पदमा एक कार्यकाल (कम्तिमा एक वर्ष काम गरेको) पूरा गरेको हुनुपर्नेछ ।

(ड) अध्यक्ष बाहेक अन्य पदाधिकारीको हकमा अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य वा कुनै पनि राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी पदमा एक कार्यकाल (कम्तिमा एक वर्ष काम गरेको) पूरा गरेको हुनुपर्नेछ ।

(ढ) क्षेत्रीय संयोजकको हकमा एउटै देशबाट लगातार २(दुई) पटक भन्दा बढी निर्वाचित हुन अयोग्य मानिने हुँदा त्यस्तो उम्मेवदारको उम्मेदवारी स्वीकार गरिनेछैन । तर अन्य देशबाट उम्मेदवारी नपरेमा यो प्रावधान लागू हुनेछैन ।

(ण) क्षेत्रीय महिला र युवा संयोजक तथा उपसंयोजकको उम्मेदवारको हकमा अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य वा कुनै पनि राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य पदमा एक कार्यकाल (कम्तिमा एक वर्ष काम गरेको) पूरा गरेको वा कम्तिमा एक पटक अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधि भएको हुनुपर्नेछ ।

(ट) युवा उपाध्यक्ष, युवा संयोजक, क्षेत्रीय युवा संयोजक, क्षेत्रीय युवा उपसंयोजकको उम्मेदवार अन्तर्राष्ट्रिय महाधिवेशन शुरु भएको दिन सम्म ४० वर्ष उमेर नकाटेको हुनुपर्नेछ । उमेर ४० वर्ष नकाटेको पुष्टि हुने आधिकारिक कागजात मनोनयन पत्र साथ पेश गर्नुपर्नेछ ।

(ठ) दोश्रो पुस्ताका गैर आवासीय नेपाली संयोजकको हकमा नीज विदेशमा माध्यामिक विद्यालय तहसम्म अध्ययन गरेको र अन्तर्राष्ट्रिय महाधिवेशन शुरु भएको दिनसम्म ३० वर्ष नकाटेको हुनुपर्नेछ । उमेर ३० वर्ष नकाटेको पुष्टि हुने आधिकारिक कागजात मनोनयन पत्र साथ पेश गर्नुपर्नेछ ।

(ड) उम्मेदवारी पेश विद्युतीय माध्यम एवं नेपाल स्थित संघको सचिवालय स्थित निर्वाचन कार्यालयमा भौतिक रुपमा उपस्थित भएर दर्ता गर्न सकिनेछ । तर विद्युतीय माध्यमबाट उम्मेदवारी पेश गर्नेको हकमा तोकिएको मिति र समयमा निर्वाचन समितिको कार्यालयमा अनिवार्य उपस्थित भै सनाखत गर्नुपर्नेछ ।

(ढ) प्रत्येक उम्मेदवारको दुई जना प्रस्तावक र दुइ जना समर्थक समेत भौतिक रुपमा निर्वाचन कार्यालयमा अनिवार्य उपस्थित हुनुपर्नेछ । कुनै पनि प्रस्तावक / समर्थक एक भन्दा बढी उम्मेदवारको बस्न पाइनेछैन । प्रस्तावक र समर्थक अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्वाचनमा मतदान गर्न योग्य प्रतिनिधि हुनुपर्नेछ ।

(ण) उम्मेदवारको योग्यता सम्वन्धि अन्य व्यवस्था गैर आवासीय नेपाली संघको बिधान, २००३ (संशोधन, २०२२) र निर्वाचन नियमावली, २०२१ बमोजिम हुनेछ ।

उम्मेदवारले योग्यता पुगेको कागजातहरु आफ्नो उम्मेदवारी मनोनयन पत्र साथ पेश गर्नु पर्नेछ ।

(७) उम्मेदबारी मनोनयन पत्र दर्ता दस्तुर (नेपाली रुपैया) देहाय बमोजिम हुनेछ ।

| | | | |
|---|---|---|---|
| (१) | अध्यक्ष | - | रु. ५,००,०००।- |
| (२) | उपाध्यक्ष | - | रु. ३,५०,०००।- |
| (३) | महिला उपाध्यक्ष | - | रु. १,७५,०००।- |
| (४) | युवा उपाध्यक्ष | - | रु. १,७५,०००।- |
| (५) | महासचिव | - | रु. ३,००,०००।- |

| | | | |
|---|---|---|---|
| (६) | उपमहासचिव | - | रु. २,७५,०००।- |
| (७) | सचिव | - | रु. २,५०,०००।- |
| (८) | महिला सचिव | - | रु. १,२५,०००।- |
| (९) | कोषाध्यक्ष | - | रु. २,५०,०००।- |
| (१०) | सहकोषाध्यक्ष | - | रु. २,००,०००।- |
| (११) | महिला सहकोषाध्यक्ष | - | रु. १,००,०००।- |
| (१२) | महिला संयोजक | - | रु. ८७,५००।- |
| (१३) | युवा संयोजक | - | रु. ८७,५००/- |
| (१४) | क्षेत्रीय संयोजक | - | रु. १,७५,०००।- |
| (१५) | क्षेत्रीय उपसंयोजक | - | रु. १,२५,०००।- |
| (१६) | क्षेत्रीय महिला संयोजक | - | रु. ६२,५००।- |
| (१७) | क्षेत्रीय महिला उपसंयोजक | - | रु. ५०,०००।- |
| (१८) | क्षेत्रीय युवा संयोजक | - | रु. ६२,५००।- |
| (१९) | क्षेत्रीय युवा उपसंयोजक | - | रु. ५०,०००।- |
| (२०) | दोश्रो पुस्ताका गैरआवासीय नेपाली संयोजक | - | रु. ५०,०००।- |

उम्मेदवारी फिर्ता लिएको अवस्थामा निर्वाचन नियमावली, २०२१ को नियम ८(४) बमोजिम मनोनयन दस्तुर फिर्ता हुनेछैन ।

(८) उम्मेदवारले मनोनयन पत्र दस्तुर जम्मा गर्ने बैंक खाता देहाय बमोजिम हुनेछ ।

Account No.: **024010010000526**

Beneficiary: **NRNA**

Bank: **Sanima Bank Ltd.**

Branch: **Naxal, Kathmandu**

Swift: **SNMANPKA**

(९) निर्वाचन कार्यक्रम तालिकामा तोकिएको दिन (समय) सार्बजनिक बिदा परेमा पनि तोकिएको निर्वाचन कार्य स्थगित गरिनेछैन ।

(१०) कुनै उम्मेबारको नामावली उपर कसैको दाबी बिरोध परेमा सम्बन्धित उम्मेदबारलाई निजले उपलब्ध गराएको मोबाइल नं. / इमेल मार्फत सो सम्वन्धमा जानकारी गराइने छ। उक्त सूचना सम्प्रेषण भएको ३ (तीन) घण्टा भित्र निर्वाचन समिति समक्ष उपस्थित भई वा इमेल मार्फत आफ्नो व्यहोरा लिखित रुपमा प्रस्तुत गर्नु पर्नेछ।

(११) मतदाताको पहिचान इमेल र अनुहार मार्फत गरिने भएकोले आफ्नो इमेल र सेल्फी फोटो MIS प्रणालीमा पठाउन वा दर्ता गराउनु हुन सुचित गरिन्छ।

(१२) मतदान पूर्व अभ्यास (Demo Voting) मतदान प्रक्रियामा आधिकारिक उम्मेदवार लाई मात्र समावेश गरिनेछ।

(१३) निर्वाचन कार्यक्रम प्रयोजनको लागि गैरआवासीय नेपाली संघको विधान, २००३ (संशोधन, २०२२), गैर आवासीय नेपाली संघ, निर्वाचन नियमावली २०२१ (संशोधन २०२३), गैर आवासीय नेपाली संघ, निर्वाचन आचार संहिता, २०२१ (संशोधन, २०२३), गैर आवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधी व्यवस्थापन नियमावली, २०२३ एवं निर्वाचन समितिले समय समयमा प्रवाह गर्ने सूचना यो निर्वाचन कार्यक्रम तालिकाको अभिन्न अंग मानिने हुँदा सो सम्वन्धमा उम्मेदवार एवं मतदाताले संघको सचिवायलय/वेभसाइट **www.nrna.org** मार्फत जानकारी लिन हुन अनुरोध छ।

- यो सूचनामा उल्लेखित कुनै व्यहोरा संघको विधान एवं निर्वाचन नियमावली प्रतिकुल देखिएमा संघको विधान एवं निर्वाचन नियमावली बमोजिम हुनेछ।

- निर्वाचन कार्यक्रममा कारणवस कुनै फेरवदल गर्नुपर्ने भएमा अर्को सूचना प्रकाशित गरी जानकारी गराइने व्यहोरा अनुरोध छ।

---------------------

यादव प्रसाद ढुंगाना

प्रमूख निर्वाचन अधिकृत

मिति : २०८०।०६।०२ (September 19, 2023)

समय : साँझ ०७:०० बजे।